# ईन्द्रावती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**नवलपुर, सिन्धुपाल्चोक**

प.सं. : ०७५/०७६
च.नं. : ३२१

३ नं प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी नियुक्ति गर्ने सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति: २०७५/०५/२८

यस ईन्द्रावती गाउँ कार्यपालकाको मिति २०७५/०५/०३ को निर्णयानुसार गाउँ कार्यपालिकाको कार्यालय र गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा देहाय बमोजिमका कर्मचारीहरू सेवा करारमा नियुक्ति गर्नुपर्ने भएको हुँदा तोकिएको शर्तहरूको अधीनमा रही कामगर्न इच्छुक देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूबाट आवेदन आह्वान गरिएको छ।

माग गरिएको पद:

| सि.न. | विज्ञापन नं. | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १ | १/२०७५-०७६ | अ.हे.व. | ४ जना |
| २ | २/२०७५-०७६ | अ.न.मी. | ३ जना |
| ३ | ३/२०७५-०७६ | अमिन | १ जना |
| ४ | ४/२०७५-०७६ | एम्बुलेन्स (१) तथा जेसिवि (चारपांग्रे) (१) चालक | २ जना |

- न्यूनतम शैक्षिक योग्यता:
  (क) अ.हे.व. को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट CMA/HA उत्तीर्ण गरेको हुनु पर्नेछ।
  (ख) अ.न.मी.का लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट ANM/Staff Nurse उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषदमा दर्ता र नवीकरण भएको साथै SBA तालिम प्राप्त गरेको अनुभवीलाई विशेष प्राथमिकता दिईनेछ।
  (ग) अमिनका लागि TSLC in Engineering Survey वा सो सरह उत्तीर्ण गरेको एवं अनुभवीलाई विशेष प्राथमिकता दिईनेछ।
  (घ) एम्बुलेन्स तथा जेसिवी चालकको हकमा सम्बन्धित सवारी वा मेशिन चलाउने लाइसन्स एवं अन्य आवश्यक कागजातहरू।
- परीक्षाको किसिम: गाउँपालिकाद्वारा स्वीकृत ***सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ ले व्यवस्था गरे बमोजिम*** ।
- आवेदन दिनुपर्ने अन्तिम मिति: **२०७५/०६/०३ (सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र)** (पुनश्च: अन्तिम दिन सार्वजनिक विदा भएमा सो को भोलिपल्ट कार्यालय समयमा आवेदन पेश गर्नु पर्नेछ।)
- आवेदन बुझाउने स्थान: ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय, नवलपुर, योजना तथा प्रशासन शाखा।
- आवश्यक कागजात: आवेदनका साथ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकता लगायत अन्य आवश्यक कागजातको प्रतिलिपि पेश गर्नुपर्नेछ।
- फाराम दस्तुर: रू ४००/- (यस गाउँपालिकाको मेगा बैंक नेपाल लिमिटेड, नवलपुरमा रहेको हिसाव खाता नं. १०००१०००८५२७ मा जम्मा गरी भौचर फाराम साथ बुझाउनु पर्नेछ।)
- दरखास्त फाराम: लोक सेवा आयोगको ढाँचामा दरखास्त फाराम भरी तोकिएको शाखामा तोकिएको अवधीभित्र बुझाउनु पर्नेछ।
- तलव स्केल: सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ।
- काम गर्नुपर्ने स्थान: अमिन, एम्बुलेन्स तथा जेसिवीको हकमा गाउँपालिका क्षेत्रभित्र तोकिएको स्थानहरू र अ.हे.व एवं अ.न.मी.को हकमा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कामकाज गर्नुपर्नेछ।

**विनोद रोका**
**प्रमुख प्रशासकीय अधिकृत**